# स्थानीय राजपत्र

छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित

खण्डः १) छत्रकोट गाउँपालिका, मितिः २०७४/११/११ (संख्याः १४

## भाग–२

**छत्रकोट गाउँपालिका, गुल्मी**

**संवत् २०७४ सालको कार्यविधि नं. १४**

**कार्यविधिको नाम : छत्रकोट गाउँपालिका असहाय स्वास्थ्य उपचार सहयोग कोष संचालन कार्यविधि, २०७४**

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः २०७४/११/०३

**प्रस्तावनाः**

लोक कल्याणकारी राज्यको अवधारणा बमोजिम कुनै कारणले परिवारको सदस्यसँग अलग भइ कष्टपूर्ण जीवन यापन गर्न बाध्य भएका व्यक्ति, सडक बालबालिका, मानसिक सन्तुलन गुमाएका व्यक्ति, अति गरिव, अपाङगताको कारणले परिवारबाट तिरस्कृत, यौन हिंसाबाट पीडित एवं बेचविखनमा परेका महिलाहरु आर्थिक

अभावको कारणले उपचार गर्नबाट बञ्चित हुन नपरोस भन्ने उद्देश्यले कानून बनाइ आर्थिक सहायत गर्न बाञ्छनीय भएकोले छत्रकोट गाउँकार्यपालिकाले यो कार्यविधि बनाइ लागु गरिएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भ

१. यो कार्यविधिको नाम ***"छत्रकोट गाउँपालिका असहाय स्वास्थ्य उपचार सहयोग कोष संचालन कार्यविधि २०७४"*** रहेको छ।

२. यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

१. **"कोष"** भन्नाले नियम ३ बमोजिम स्थापना भएको छत्रकोट गाउँपालिकाको असहाय स्वास्थ्य उपचार सहयोग कोष सम्झनु पर्छ।

२. **"असहाय"** भन्नाले कुनै कारणले परिवारको सदस्यसँग अलग भइ कष्टपूर्ण जीवन यापन गर्न बाध्य भएका व्यक्ति, सडक बालबालिका, मानसिक सन्तुलन गुमाएका व्यक्ति, अति गरिव व्यक्ति, अपाङगताको कारणले परिवारबाट तिरस्कृत व्यक्ति, यौन हिंसाबाट पीडित एवं बेचविखनमा परेका महिलाहरु सम्झनु पर्दछ।

## ३. कोषको स्थापना

१. "छत्रकोट गाउँपालिका असहाय स्वास्थ्य उपचार सहयोग कोष" नामको एक कोषको स्थापना गरिने छ।

२. कोषको स्थापना निम्नानुसार गरिने छ।

क. नेपाल सरकारबाट प्राप्त रकम

ख. प्रदेश सरकारबाट प्राप्त रकम

ग. गाउँपालिकाबाट प्राप्त रकम

घ. अन्य दातृ निकाय, दाता वा संघसँस्थाबाट प्राप्त रकम

## ४. कोषको प्रयोग

१. कोषमा जम्मा भएको रकम देहायबमोजिमका व्यक्तिहरुको औषधोपचारमा सहयोग पुग्ने उद्देश्यले खर्च गरिने छ ।

क. कुनै कारणले परिवारको सदस्यसँग अलग भइ कष्टपूर्ण जीवन यापन गर्न बाध्य भएका व्यक्ति,

ख. सडक बालबालिका, मानसिक सन्तुलन गुमाएका व्यक्ति

ग. अति गरिव वा अपाङगताको कारणले परिवारबाट तिरस्कृत व्यक्ति

घ. यौन हिंसाबाट पीडित एवं बेचविखनमा परेका महिला

ङ. गाउँपालिका क्षेत्रभित्र भेटिएका बेवारिसे व्यक्ति

च. परिवारबाट परित्यक्त भई अपहेलनामा परेका बृद्ध, बालबालिका, अपाङग वा महिला ।

## ५. समिति गठन

१. असहाय स्वास्थ्य उपचार सहयोग कोषबाट आर्थिक सहयोग उपलब्ध गराउने प्रकृयालाई व्यवस्थित र पारदर्शि बनाउन देहाय बमोजिमको समिति गठन गरिने छ ।

क) गाउँपालिका उपाध्यक्ष – संयोजक
ख) गाउँकार्यपालिका कार्यालयको प्रशासन शाखा प्रमुख – सदस्य
ग) गाउँकार्यपालिका कार्यालयको स्वास्थ्य शाखा/इकाई प्रमुख – सदस्य सचिव

२. दफा ५.१ बमोजिमको समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) रित पूर्वक प्राप्त निवेदन उपर छानविन गरि आर्थिक सहयोगको लागि सिफारिस गर्ने,
ख) सहयोग प्राप्त गरेको व्यक्तिले प्राप्त रकम सोही कार्यमा प्रयोग गरे नगरेको अनुगमन गर्ने ,
ग) कोषमा रकम जुटाउनको लागि पहल गर्ने,
घ) कोषको प्रभावकारीतको लागि कार्यपालिकालाई आवश्यक सल्लाह सुझाव दिने,
ङ) कोषको वार्षिक प्रतिवेदन कार्यपालिकामा पेश गर्ने,
च) अन्य आवश्यक कार्य गर्ने ।

## ५. आर्थिक सहायता प्राप्त गर्ने प्रकृया

१. आर्थिक सहायता प्राप्त गर्न निम्न बमोजिमका कागजात सहित गाउँकार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ ।

क. नागरिकता प्रमाणपत्र वा परिचय खुल्ने अन्य प्रमाणीत कागजात

ख. प्रचलित कानुन बमोजिम मान्यता प्राप्त अस्पताल वा स्वास्थ्य सँस्थाबाट सम्बन्धित व्यक्तिलाई लागेको रोग सम्बन्धमा पुष्टि हुने कागजात

ग. सम्बन्धित वडा कार्यालयको सिफारिस

## ६. आर्थिक सहयोग सम्बन्धमा

१. आर्थिक सहयोगको रकम देहायबमोजिम उपलब्ध गराइने छ ।

क. मुटु, मृगौला, फोक्सो, कलेजो, मस्तिष्क जस्ता शरीरका महत्वपूर्ण अङगहरुमा असर गर्ने गम्भिर प्रकृतिका रोगहरु तथा क्यान्सर, एच आइ भि एड्स जस्ता रोग लागि उपचार गराउन नसक्ने असहायहरुलाई गाउँकार्यपालिकाले निर्णय गरी **अधिकतम पच्चीस हजार सम्म** आर्थिक सहयोग उपलब्ध गराउन सकिने छ ।

ख. दफा ६.१.क. मा उल्लेखित बाहेकका अन्य रोगको हकमा गाउँकार्यपालिकाले निर्णय गरि **अधिकतम दश हजारसम्म** आर्थिक सहयोग उपलब्ध गराउन सकिने छ ।

## ७. अधिकार प्रत्यायोजन

१. दफा ६.१.क र ख मा उल्लेखित आर्थिक सहयोगको अधिकतम रकमको पचास प्रतिशत सम्मको सहयोग रकमको निर्णय गर्ने अधिकार गाउँ कार्यपालिकाले अध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ ।

## ८. कोष व्यवस्थापन र संचालन

१. यस कार्यविधि बमोजिम कोषको नाममा प्राप्त हुन आउने रकम जम्मा गर्न नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त बैंकमा खाता खोलिने छ ।

२. दफा ८.१. बमोजिमको खाताको संचालन गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

## ९. लेखा तथा लेखा परीक्षण

१. कोषको आय व्ययको लेखा र लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

## १०. यसै बमोजिम भएको मानिने

१. यो कार्यविधि प्रारम्भ हुनुभन्दा पहिला भएका कोष संग सम्बन्धित कार्यलाई यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

## ११. खारेजी तथा बचाउ

यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा प्रचलित कानुन संग वाभिएको हकमा वाभिएको हदसम्म खारेजी हुनेछ ।

पारित मितिः २०७४/११/११

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत